# मिति २०७९ माघ २३ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावहरुः**

१. अघिल्लो वैठकको समिक्षा सम्बन्धमा ।
२. सेवा स्थानान्तरण सम्बन्धमा ।
३. शिक्षा समितिको बैठकको निर्णय सम्बन्धमा ।
४. स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन समितिको गठन सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. सडक बोर्डसँग रकम साझेदारी सम्बन्धमा।
७. विविध सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १.** प्रस्ताव नं १ माथि आबश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको वैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वियन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु वीचमा समन्वय र सहकार्य गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.** प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको वडा नं ८ र ९ का नागरिकहरुले हाल सम्म जिल्ला प्रशासन कार्यालय, जिल्ला मालपोत कार्यालय र जिल्ला नापी कार्यालय ओखलढुंगाबाट प्राप्त गरिरहेको सार्वजनिक सेवाहरु भौगोलिक सहजताले गर्दा अब उप्रान्त खिजिदेम्बा गाउँपालिकाको खिजिफलाटेमा रहेको इलाका प्रशासन कार्यालय, इलाका मालपोत कार्यालय र इलाका नापी कार्यालय, खिजिदेम्बा, ओखलढुंगाबाट प्राप्त गर्ने गरी सेवा स्थानान्तरणको लागि आवश्यक प्रकृया गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला मालपोत कार्यालय र जिल्ला नापी कार्यालय, ओखलढुंगालाई सम्बन्धित वडा कार्यालयको निर्णय र गाउँ कार्यपालिकाको बैठकको निर्णय सहित अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.**प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा गाउँ शिक्षा समितिले पेश गरेको एजेण्डामा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. गाउँपालिकामा कार्यारत करार शिक्षक २०७९ को सूचिमा समावेश शिक्षा समितिले पेश गरे बमोजिम स्थायी शिक्षक पदस्थापनको लागि श्री शिक्षा विकास तथा समन्वय इकाई, ओखलढुंगालाई सिफारिश सहित माग गरी पठाउने ।शिक्षा समितिले पेश गरेको करार शिक्षक सूचि २०७९ यसै साथ संलग्न रहेको छ ।

ख. प्रस्ताव नं. ३ ख. माथि छलफल गर्दा शिक्षा समितिले पेश गरे बमोजिम श्री पोखरी आ.वि. मा गा.पा. अनुदान अन्तरगत नि.मा.वि. गणितको पहिलो विज्ञापनमा कसैको दरखास्त नपरेको हुँदा पुनः दोस्रो विज्ञापनमा (अंग्रेजी, गणित, विज्ञान) बाहेक अन्य विषयमा विज्ञापनको लागि उत्त विद्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ४.** प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई स्यानीटरी प्याड वितरण तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. श्री अस्मिता थापा – संयोजक (उपाध्यक्ष)
२. श्री अम्विका विश्वकर्मा – सदस्य (कार्यपालिका सदस्य)
३. श्री दिनानाथ चौधरी – सदस्य (स्वास्थ्य संयोजक)
४. श्री रचना मैनाली – सदस्य (महिला विकास)
५. श्री लक्ष्मी खत्री – सदस्य (विद्यालय सम्पर्क व्यक्ती)
६. श्री जानुका विष्ट थापा – सदस्य (विद्यालय सम्पर्क व्यक्ती)
७. श्री पोकल मगर – सदस्य सचिव

**निर्णय नं. ५** प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा तपसिल अनुसारको शीर्षकबाट देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र स | आयोजनाको नाम | श्रोत | खर्च शिर्षक | विनियोजित रकम | थप रकम | घट रकम | संसोधित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | | | 13700000 | 0 | 1500000 | 12200000 | रकमान्तर |
| २ | इन्धन कार्यालय प्रयोजन | | | 2200000 | 1000000 | 0 | 3200000 | रकमान्तर |
| ३ | सवारी साधन मर्मत | | | 3500000 | 500000 | 0 | 4000000 | रकमान्तर |
| ४ | होम स्टे सञ्चालनका लागि प्रोत्साहन कार्यक्रम | | | 100000 | 0 | 100000 | 0 | रकमान्तर |
| ५ | युवा स्वरोजगार कार्यक्रम | | | 400000 | 0 | 400000 | 0 | रकमान्तर |
| ६ | प्रदेश तालिम केन्द्रमा एक हप्ते पशुपालन तालिमका लागि पठाउन सहयोग तथा समन्वय कार्यक्रम | | | 190000 | 0 | 190000 | 0 | रकमान्तर |
| ७ | दर्ता भएका व्यवसायलाइ नियमित करको दायरामा ल्याउन अनुगमन तथा सचेतना कार्यक्रम | | | 300000 | 0 | 278750 | 21250 | रकमान्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | स्वास्थ्य उपकरण खरीद | | | 700000 | 150000 | 0 | 850000 | रकमान्तर |
| ९ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | | 2300000 | 0 | 340000 | 1960000 | रकमान्तर |
| १० | मेसिनरी औजार खरिद (Auto Refractometer) | | | 450000 | 100000 | 0 | 550000 | रकमान्तर |
| ११ | म.स्वा.से.सम्मानजनक विदाई | | | 0 | 90000 | 0 | 90000 | रकमान्तर |
| १२ | विविध कार्यक्रम खर्च | | | 0 | 200000 | 0 | 200000 | रकमान्तर |
| १३ | राष्ट्रपति रनिङ शिल्ड | | | 0 | 300000 | 0 | 300000 | रकमान्तर |
| १४ | खोरेत रोग खोप खरीद | | | 0 | 468750 | 0 | 468750 | रकमान्तर |
| | जम्मा | | | 23840000 | 2808750 | 2808750 | 23840000 | |

**निर्णय नं. ६** प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा सडक बोर्ड नेपाल र लिखु गाउँपालिकाको साझेदारीमा वडा नं. ५ को वडा कार्यालय हुदै मझुवा जोड्ने कृषि सडक स्तरोन्नति गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** विविध सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम निर्णय गर्ने गरियो।

क. लिखु गाउँपालिका वडा नं. ८ को वडा अध्यक्षबाट पेश भएको कर्मचारी सम्बन्धमा छलफल गर्दा उक्त वडा कार्यालय अन्तरगत कार्यरत कार्यालय सहायक, कार्यालय सहयोगी र स्वास्थ्य स्वीपरलाइ एक पटक लिखित स्पष्टीकरण सोध्ने र लोक सेवा आयोगबाट वा अन्यत्रबाट स्थायी कर्मचारी पदपूर्ति भइ आएमा पहिलो प्राथामिकता ८ नं. वडालाई दिइ कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो।

ख. करार शिक्षक पदपूर्ति सम्बन्धमा परीक्षा सञ्चालन गर्ने जिम्मेवारी अब उप्रान्त शिक्षा शाखाको समन्वयमा गाउँपालिका प्रशासन शाखाले गर्ने निर्णय गरियो।